June 3rd, 2024

Monday

National News

प्रमुख समाचार:

1. भोलि हुने लोकसभा चुनावको मतगणनाको लागि सम्पूर्ण तयारी पूरा
2. 64 करोड भन्दा बढी मतदाताहरूले लोकसभा चुनावमा भाग लिएर विश्व कीर्ति मान बनाएको प्रमुख निर्वाचन आयुक्त श्री राजीव कुमारको भनाइ
3. मध्य प्रदेशको राजगढ जिल्लामा सडक दुर्घटना हुँदा १३ जनाको मृत्यु, १५ जना घाइते
4. T20 विश्वकप क्रिकेटमा नामिबियाद्वारा ओमान पराजित

## 1. Election Counting Preparation

भोलि हुने लोकसभा निर्वाचनको मतगणनाको सम्पूर्ण तयारी पूरा भएको छ। आन्ध्र प्रदेश र ओडिशा विधानसभा चुनाव अनि केही विधानसभा सीटहरूको लागि सम्पन्न उपचुनावको मतगणना पनि भोलि नै हुनेछ। मतगणना बिहान ८ बजेदेखि सुरु हुनेछ । मतगणनाका परिणामसम्बन्धी जानकारी आयोगको वेबसाइट results.eci.gov.in र भोटर हेल्पलाइन एपमा पनि उपलब्ध हुने निर्वाचन आयोगले जनाएको छ।

## 2. BJP Meeting

लोकसभा चुनावको मतगणना अघि भारतीय जनता पार्टीका अध्यक्ष श्री जगतप्रकाश नड्डाले आज पार्टी नेताहरुसँगको बैठकमा मतगणनाको तयारीका बारेमा छलफल गर्नुभएको छ। बैठकमा केन्द्रीय मन्त्री तथा भाजपाका वरिष्ठ नेता श्री अमित शाह, पार्टी महासचिव श्री बीएल सन्तोष र श्री विनोद तावडे सहभागी हुनुहुन्थ्यो। नयाँ दिल्लीमा बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै श्री विनोद तावडेले भोलिको मतगणनाको तयारीबारे पार्टीका नेताहरूले छलफल गरेको बताउनुभयो।

## 3. CEC – Press Conference

प्रमुख निर्वाचन आयुक्त श्री राजीव कुमारले देशको लोकसभा चुनावमा ६४ करोडभन्दा बढी मतदाताले भाग लिएर विश्व कीर्तिमान बनाएको बताउनुभएको छ। आज नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री कुमारले मतदाता संख्या सबै G7 देशहरू - अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, इटाली, जापान र क्यानडाको भन्दा डेढ गुणा बढी रहेको बताउनुभयो। उहाँले यस लोकसभा चुनावमा 31 करोड भन्दा बढी महिला मतदाताहरूले मतदान गरेको उल्लेख गर्नुभयो। मुख्य निर्वाचन आयुक्तले यस लोकसभा चुनावमा हिंसाको ठूलो घटना नभएको बताउनुभयो।

## 4. Jammu & Kashmir: Three Tier Security

जम्मू कश्मीरमा मतगणनाको एक दिन अघि, जम्मू र कठुआका मतगणना केन्द्रहरू र वरपर तीन तहको सुरक्षा व्यवस्था गरिएको छ। हाम्रा संवाददाताले जनाएअनुसार निर्वाचन अधिकारी र जम्मूका जिल्लापालले गणना स्थलहरूमा सुरक्षा उपाय, रसद र आवश्यक सुविधाहरूको समीक्षा गरेका छन्। प्रशासनले कर्मचारीलाई पूर्ण तालिम दिएको छ र सबै मताधिकारीहरूलाई मतगणना प्रक्रियाबारे जानकारी गराएको छ । मतगणना केन्द्रमा सीसीटीभी क्यामेरा जडान गरिएको छ भने भिडियोग्राफीको पनि व्यवस्था गरिएको छ । कठुआको उधमपुर-कठुआ लोकसभा निर्वाचन क्षेत्रका लागि पनि तीन तहको सुरक्षा व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय सीमा नाकामा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

## 5. SC – Delhi Water Crisis

सर्वोच्च अदालतले राजधानीमा चर्को गर्मीमा पानीको संकट समाधान गर्न दिल्ली, हरियाणा र हिमाचल प्रदेशसहित माथिल्लो यमुना नदी बोर्डको आपतकालीन बैठक बोलाउन केन्द्रलाई निर्देशन दिएको छ। न्यायमूर्ति पीके मिश्र र न्यायमूर्ति केवी विश्वनाथनको इजलासले यो बैठक जून ५ मा राख्न निर्देशन दिएको छ । मुद्दाको अर्को सुनुवाइ जून ६ मा तोक्दै सम्बन्धित सबै राज्यद्वारा सुझावित उपायबारे इजलाससमक्ष जानकारी पेश गर्न भनेको छ ।

## 6. Health Ministry - Hospitals

केन्द्रीय स्वास्थ्य मन्त्रालयले अस्पतालहरूमा नियामक प्रोटोकल र अग्नि-सुरक्षा मापदण्डहरू दुरुस्त पालनको आवश्यकतालाई दोहोऱ्याएको छ। मन्त्रालयले कुनै पनि स्वास्थ्य सेवामा बिरामी, कर्मचारी र आगन्तुकहरूको सुरक्षा र कल्याण अत्यन्तै महत्त्वपूर्ण हुने कुरामा जोड दिएको छ। पछिल्लो समय कतिपय ठाउँमा आगलागीका घटनाहरु भएका छन् । विद्युतीय मर्मतसम्भार नहुँदा र एयर कन्डिसनर तथा अन्य उपकरणको अत्यधिक प्रयोगले विद्युतीय लाइनहरू ओभरलोड भएर सर्ट सर्किटका यस्ता घटना भएको मन्त्रालयले जनाएको छ।

## 7. Madhyapradesh Accident

मध्यप्रदेशको राजस्थान–राजगढ सीमामा हिजो ट्याक्टर पल्टिँदा १३ जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । सम्बन्धित अधिकारीका अनुसार राजस्थानका केही व्यक्ति एक विवाहमा सहभागी हुन ट्र्याक्टरमा मध्य प्रदेश जाँदै थिए। राजस्थान–राजगढ सीमा नजिकै ट्याक्टर पल्टिएको हो । दुई जनाको अवस्था अझै गम्भीर रहेको र उनीहरुलाई अस्पतालमा भर्ना गरिएको बताइएको छ । राष्ट्रपति र उपराष्ट्रपतिले यस दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ।

## 8. Pulwama Encounter

जम्मू र कश्मीरको केन्द्र शासित प्रदेश, दक्षिणी कश्मीरको पुलवामा जिल्लाको निहामा गाउँमा आज भएको भिडन्तमा सुरक्षा बलहरूको संयुक्त टोलीले दुई आतंककारीहरूलाई मारेको छ। यस क्षेत्रमा गुप्तचर एजेन्सीहरूले आतंककारीहरू रहेको सुइँको पाएपछि बिहान मुठभेड सुरु भएको थियो। मारिएका आतंककारीहरुको पहिचान भइरहेको छ । यसअघि प्रहरी र सेनाको संयुक्त टोलीले उक्त क्षेत्रमा घेराबन्दी तथा खोजी अपरेशन (कासो) शुरु गरेको थियो ।

## 9. Assam - Flood

आसाममा बाढीको अवस्था अझै गम्भीर छ। गुवाहाटी, गोलपारा र धुब्रीमा ब्रह्मपुत्र नदीको पानीको सतह बढेको छ । यससँगै कोपिली, बराक, धनसिरी, बुर्ही दिहिङ, गौराङ र कुशियारा नदीको पानीको बहाव पनि धेरै ठाउँमा बढिरहेको छ । गएको २४ घण्टामा तीन जनाको मृत्यु भएसँगै बाढीका कारण राज्यमा मृत्यु हुनेको संख्या १४ पुगेको छ ।

## 10. Karnataka – Heavy Rain

उता, कर्नाटकको बेंगलुरुमा भारी वर्षाका कारण जनजीवन प्रभावित भएको छ । हिजो राति 133 वर्ष पुरानो रेकर्ड तोड्दै १११.१ मिलिमिटर वर्षा भएको थियो। उल्लेख्य, १६ जून १८९१ मा एकै दिनमा ११०.३ मिलिमिटर वर्षा भएको थियो। सडक र समतल भूमिमा पानी जम्मा हुँदा यात्रुलाई समस्या भएको छ । विद्युतका कैयन पोल र ट्रान्सफर्मरमा क्षति पुग्दा विद्युत् पनि अवरुद्ध भएको छ ।

## 11. IMD - Weather

यसैबीच, मौसम पूर्वानुमान महाशाखाले आगामी दुई दिनमा उत्तर–पश्चिम, मध्य र पूर्वी भारतमा भीषण गर्मी केही कम हुने सम्भावना जनाएको छ । यी क्षेत्रका बासिन्दाले चर्को गर्मीबाट राहत पाउन सक्ने मौसम विज्ञान विभागका वरिष्ठ वैज्ञानिक श्री आरके जेनामानीले बताउनुभयो। महाशाखाले आगामी सात दिन पश्चिम बङ्गाल र उत्तरपूर्वी भारतमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ । दक्षिण भारतमा, आगामी सात दिनमा केरला, लक्षद्वीप, अण्डमान र निकोबार टापु र कर्नाटकमा यस्तै मौसमी अवस्था रहनेछ।

12. T-20

आइसीसी टी–२० विश्वकप क्रिकेटमा नामिबियाले केन्सिङ्टन ओभलमा भएको रोमाञ्चक खेलमा ओमानलाई सुपर ओभरमा पराजित गर्दै प्रतियोगिताको सुरुवात गरेको छ । ओमानले १० विकेट गुमाएर एक सय ९ रन बनाएको थियो । मेहरान खानको उत्कृष्ट बलिङका कारण ओमानले खेल बराबरीमा ल्याएको थियो । सुपर ओभरमा टस जितेर पहिले ब्याटिङ गरेको नामिबियाको टोलीले कुनै विकेट नगुमाई २१ रन बनाएको थियो । नामिबियाका डेभिड विसेको उत्कृष्ट बलिङले ओमानको टोली एक विकेटको क्षतिमा १० रनमा मात्र सीमित भयो । अर्को खेलमा आज श्रीलंका र दक्षिण अफ्रिका न्युयोर्कको नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा भिड्दैछन् । यो खेल बेलुका ८ बजे सुरु हुनेछ ।